"स्वच्छ सुन्दर र समुन्नतशहर, सर्लाहीको शानलालबन्दीनगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा शाखा
### लालबन्दी, सर्लाही
### मधेश प्रदेश, नेपाल

प.सं. :- २०७९/८०
च.नं. :- २९

मिति : २०७९।४।२५

विषय : IEMIS मा विवरण अद्यावधिक गर्ने सम्वन्धमा ।

श्री सामुदायिक तथा संस्थागत विद्यालय (सबै)
लालबन्दी नगरपालिका, सर्लाही

प्रस्तुत विषयमा शिक्षा तथा मानवस्रोत विकास केन्द्रको मिति २०७९।०४।२५, च.नं. ०५ को पत्रानुसार सबै प्रकार र तहका विद्यालयहरूले शैक्षिक सत्र २०७९ को IEMIS विवरण अद्यावधिक गर्ने तथा IEMIS विवरण अद्यावधिक भएका विद्यालयहरूले थप विवरण अद्यावधिक गर्नु हुन अनुरोध छ । यससँग सम्बन्धित शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पत्र यसैसँग संलग्न छ ।

२०७९।४।२५
लक्ष्मी शिवाकोटी
शाखा अधिकृत
शिक्षा शाखा

फोन /फ्याक्स नं. ०४६–५०११००,E-mail:- maillalbandi@gmail.com, web-site:- www.lalbandimun.gov.np

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

प.स.: शै.सू.व्य. २०७९/८०
च.नं.: ०५

मिति : २०७९।०४।२५

विषय : IEMIS मा विवरण अद्यावधिक गर्ने सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)
श्री IEMIS मा विवरण अद्यावधिक गर्न बाँकी विद्यालयहरु

प्रस्तुत विषयमा यस केन्द्रको च.नं. ११४ मिति २०७९।०३।०९ को पत्रबाट शैक्षिक सत्र २०७९ को विवरण, एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System-IEMIS) मा मिति २०७९ श्रावण १५ गते भित्र अद्यावधिक गर्न अनुरोध गरिएको र उक्त मिति भित्र अद्यावधिक भएका विद्यालयहरुको विवरण (च.नं. ०४ मिति २०७९।०४।२२ को पत्रबाट) यस केन्द्रको वेबसाइटमा राखिएको व्यहोरा विदितै छ ।

अद्यावधिक गर्न बाँकी विद्यालयहरुको सन्दर्भमा छलफल गर्न यस केन्द्रद्वारा स्थानीय तहका शिक्षा महाशाखा/शाखा प्रमुख तथा शिक्षा अधिकृतहरुसँग मिति २०७९ श्रावण २३ गते गरिएको Virtual Meeting समेतबाट देहाय अनुसार गर्ने निर्णय भएको व्यहोरा जानकारीका लागि निर्देशानुसार अनुरोध छ ।

तपसिल

१. स्थानीय तहले मिति २०७९ श्रावण ३१ गते भित्र शैक्षिक सत्र २०७९ को विवरण अद्यावधिक गर्न बाँकी विद्यालयहरु पहिचान गरी अफलाइनमा विद्यालयको IEMIS File अपडेट गर्न लगाउने ।
२. विद्यालयहरुले मिति २०७९ श्रावण ३१ भित्र IEMIS File अपडेट गरी सक्ने ।
३. अनलाइन अपलोड गर्नका लागि मिति २०७९ भाद्र १ देखि ऐ. १० सम्ममात्र प्रणाली खुला रहने भएकाले विद्यालयहरुले उक्त समयावधि भित्र अनिवार्य रुपमा अपलोड गरी सक्ने ।
४. शैक्षिक सत्र २०७९ मा अनुमति प्राप्त गरेका र यस अघि अनुमति प्राप्त गरेर पनि हालसम्म IEMIS कोड प्राप्त नगरेका प्रारम्भिक बालविकास केन्द्र/विद्यालयहरुले २०७९ श्रावण महिना भित्र स्थानीय तहमा सम्पर्क गरी कोड प्राप्त गर्ने । स्थानीय तहले त्यस्ता प्रारम्भिक बालविकास केन्द्र तथा विद्यालयहरुको विवरण सहित Excel File का लगि यस केन्द्र (iemis@cehrd.gov.np) मा लेखी पठाउने ।
५. यस अगाडि IEMIS File अपलोड गरी सकेका विद्यालयहरुले पनि थप विवरण अद्यावधिक गर्नुपर्ने भएमा मिति २०७९ भाद्र १० गते भित्र नै अद्यावधिक गरी सक्ने ।
६. विगत बर्ष देखि नै आधारभूत तह उत्तीर्ण (कक्षा-८) परीक्षाको नतिजा व्यवस्थापन यस प्रणालीबाट हुँदै आएको र आगामी बर्षहरुमा कक्षा ५ को नतिजा व्यवस्थापन पनि यसै प्रणालीबाट गरिने भएकाले मिति २०७९ भाद्र १० गतेभित्र नै सबै विद्यार्थीहरुको विवरण (पछिसम्म फरक नपर्ने गरी) अद्यावधिक गर्ने गराउने ।
७. आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम यही विवरणका आधारमा तयार गरिने भएकाले विवरण अद्यावधिक नगरेका कारण विद्यालयले प्राप्त गर्ने अनुदान, विद्यार्थीले प्राप्त गर्ने सुविधा तथा विद्यार्थी परीक्षामा सम्मिलित हुन वञ्चित हुने अवस्था आएमा सम्बन्धित प्रधानाध्यापक नै जिम्मेवार हुने ।

रामचन्द्र शर्मा
निर्देशक

बोधार्थ
श्री सामाजिक विकास मन्त्रालय
(सबै प्रदेश): आवश्यक समन्वय एवम् सहजीकरणका लागि अनुरोध छ ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ (सबै): आवश्यक समन्वय र सहजीकरण गर्नु हुन ।